कार्यपालिकाको मिति २०८१।१।१६ गतेको बैठकद्वारा स्विकृत ।

# महादेवा गाउँपालिका

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि

महादेवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बयनाहा, सप्तरी

मधेश प्रदेश, नेपाल

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८१

१. परिचय

जयेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान,, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एंव सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम महादेवा गाउँ कार्यपालिकाको बैठकले कार्यविधि लागू गरेको छ ।

२. परिचय-पत्र वितरणका आधार

नेपालको संविधानको धारा ४१ मां उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

३. उद्देश्य

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागी अनुसूची-२ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

४. लक्षित वर्ग

ज्येष्ठ नागरिक सम्बन्धि ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. ज्येष्ठ नागरिकको वर्गीकरण

ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

६. परिचय-पत्र वितरणका मापदण्ड

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-१ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबर हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा समेत हुनेछ ।

८. परिचय-पत्र वितरण प्रक्रिया

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन ढाँचा बमोजिम निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र गाउँपालिकाको कार्यालय महादेवा मार्फत प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीद्वारा प्रदान गरिने छ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिककहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा गाउँपालिका कार्यालय मार्फत वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन गाउँ कार्यपालिकाको कार्यालय महादेवामा निवेदन पेश गर्नु पर्नेछ ।

(च) यस गाउँपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाण पत्र भएमा अनिवार्य रुपमा निजले वसाई सराई वा मतदाता परिचयपत्र पेश गर्नु पर्नेछ ।

(छ) यस पूर्व महिला तथा बालबालिका कार्यालयबाट ज्येष्ठ नागरिकहरुले प्राप्त गरेको परिचय पत्र यसै कार्यविधी बमोजिम भए गरेको हुनेछ ।

९. विविध

(क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) गाँउपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

अनुसुची-१

# महादेवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बथनाहा, सप्तरी

मधेश प्रदेश, नेपाल

फोटो

## ज्येष्ठ नागरिक परिचय-पत्र

परिचय पत्र नं.

नाम/थरः- ......................................

ना.प्र.नं. :- ................................................ जारी मिति ...................... जिल्ला ...................

ठेगानाः- जिल्लाः सप्तरी गाउँपालिकाः महादेवा

वडा नं. ....................................... टोल/गाउः ..................................

जन्म मितिः- .................................. उमेरः .............................. लिङ्गः ..........................

उपलब्ध छुट तथा सुविधाहरुः- ...........................................

पति/पत्निको नामः- ....................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः- ..................................

संरक्षकको नाम/नाताः- ............................................

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम/थरः- ..........................................

सम्पर्कः- .................................. रक्त समुह ..........................................

Mahadeva Rural Municipality, Saptari Nepal has issued Senior Citizen ID card with following details Senior Citizen ID:.................................................................................

Full Name: .........................................................................................................

Address: ............................................................................................................

Date of Birth- A.D. : ..................................................... SeX: ...............................

Passwort no: .......................................................Date of Issue: ..........................

प्रमाणित गर्ने अधिकृतको

दस्तखतः

नाम थरः

जारी मितिः

| दायाँ | फोटो |
|---|---|
| | |

अनुसुची-२

# ज्येष्ठ नागरिक परिचय-पत्र अभिलेख विवरण

जिल्ला.....................गाउँपालिका..................वडा नं. .............प्रदेश..................

| सि.नं. | नाम, थर | जन्म मिति | बुवा/आमाको नाम, थर | वाजेको नाम, थर | पति/पत्निको नाम/थर | संरक्षकको नाम/थर | ना.प्र.नं. तथा जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परीचय पत्र नं. तथा जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने

नाम, थरः-

पदः-

प्रमाणित गर्ने

नाम/थरः-

पदः

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

## निवेदनको ढाँचा

मिति.................

श्रीमान् वडा अध्यक्ष ज्यू,

..... वडा कार्यालय ..........

...................................

विषयः जेष्ठ नागरिक परिचय पत्र पाउँ वारे ।

प्रस्तुत विषयमा प्रचलित कानून बमोजिम म जेष्ठ नागरिक भएको हुदाँ जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

<u>निवेदक</u>

नामः

ठेगानाः

जन्म मितिः

नागरिकता नं.:

पति/पत्नीः

संरक्षक नाम/नाता

सम्पर्क नं.:

आवश्यक कागजातहरुः

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
- अटो साइजको फोटो -२ प्रति
- रक्त समूह(उपलब्ध भएसम्म प्रमाण)
- हेरचाह केन्द्रमा वसेको भए सोको विवरण
- संरक्षकको नागरिकताको प्रतिलिपि-१ प्रति
- बसाई सराई गरी आएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि-१प्रति